# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

☎:०७१-५६०२३०


प.सं. ०७५/०७६/प्रशासन

च.नं. ४३२५

मिति २०७६।१।२९

विषय : सिक्सलेन सडक सरसफाई अभियान सम्बन्धमा ।

श्री वड़ा अध्यक्षज्यू,
वडा नं.-१, २, ३, ४, ५, ६
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

प्रस्तुत विषयमा नगर सरसफाई तथा हरियाली प्रवर्धनका १ देखि ४० औं श्रृखलाहरु सम्म यहाँहरुको योगदानको उच्च मूल्याङ्कन गर्न चाहान्छु । आगामी दिनहरुमा अझै एकिकृत र परिस्कृत समन्वयात्मक रुपले वडाका सबै सरोकारवालाहरुलाई परिचालन गरी नगर सरसफाई र हरियाली प्रवर्धनमा विशिष्ट योगदान पुर्याउनु हुनेछ भन्ने अपेक्षा राख्दछु ।

प्रदेश नं. ५ सरकारले "लुम्बिनी भ्रमण वर्ष २०७६" का सन्दर्भमा विभिन्न प्रवर्धनात्मक क्रियाकलाप संचालन गरिरहेको र तिलोत्तमा नगरपालिका आसपासका क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटनहरुको संख्या बढिरहेको जानकारी गराउन चाहान्छु । यसै सिलसिलामा जेठ ४ गते बुद्ध पूर्णिमाका दिन तिलोत्तमा नगरपालिका भित्रका बुद्धका मूर्तिहरु दोस्रो चरणको अनावरण गर्ने कार्यक्रम आयोजना गरिएको हुँदा बुद्ध पूर्णिमाको पूर्व सन्ध्यामा सिक्सलेन सडकमा नगर सरसफाई तथा हरियाली प्रवर्धन कार्यक्रम भव्यताका साथ संचालन गर्नुपर्ने भएको हुँदा देहाय बमोजिम गर्नुहुन अनुरोध छ ।

१. अभियानमा नगर प्रमुख/उपप्रमुख/छिमेकी वडाका वडा अध्यक्ष एवं प्रतिनिधिहरु, कर्मचारीहरु, स्थानीय संघ संस्था, सहकारी, शैक्षिक संस्था, स्वयमसेवक, आमा समूह, क्लव, संचारकर्मी लगायतका सबै प्रकृतीका संस्थालाई सहभागी बनाउने ।
२. पूर्व तयारी बैंठक आयोजना गरी सूचना आदान प्रदान, कार्यक्रम संचालन हुने स्थान र समय तय गर्ने ।
३. सरसफाईका स्थानीय र घरेलु सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने ।
४. फोहरमैला उठाउनु पर्ने आवश्यकता महशुस भएमा फोहर ढुवानी गर्ने सवारी चालकलाई समयमा नै सम्पर्क गर्ने ।
५. सरसफाई सम्बन्धी जनचेतना/जागरण सृजना गर्ने, उत्प्रेरणा जगाउने खालका गीत/संगीतको व्यवस्था गर्न सकिने ।
६. हरियाली प्रवर्धन र नगर सरसफाई अभियान स्वयं सेवी भावनाले प्रेरित भएर संचालन गरिने कार्यक्रम हो भन्ने भावना स्थानीय सहभागीहरुलाई बोध गराउने ।
७. वडा कार्यालयले तोकेको स्थानमा सहभागी हुन नसक्ने नगरवासीहरुलाई आ-आफ्नो टोल तथा पायक पर्ने स्थानमा भेला भएर सरसफाई कार्यक्रम संचालन गर्न आव्हान गर्ने ।
८. वडाका सबै घरधुरीहरुलाई अनिवार्य रुपमा सरसफाई कार्यक्रममा सहभागी हुन उत्प्रेरित गर्ने ।
९. स्थानीय खानेपानी संस्थाका पदाधिकारी एवं संयन्त्रहरुलाई परिचालित हुने प्रवन्ध मिलाउने ।
१०. वडा भित्रका सबै विद्यालयहरुलाई सरसफाई अभियान संचालन गर्न लगाउने ।
११. नगर सरसफाई तथा हरियाली प्रवर्धनको ४० औं श्रृखला जेष्ठ १ गते सबै नगरवासीहरुलाई पायक पर्ने स्थानमा भेला हुन आह्वान गरी कार्यक्रम संचालन गर्ने ।

बोधार्थ :

- श्री वातावरण शाखा - आवश्यक सहयोग पुर्याउने ।
- सूचना प्रविधि शाखा- वेव पेजमा अद्यावधिक गर्ने ।

०५-२९
रामकुमार घिमिरे
नगर प्रमुख